# 'आफ्नै जीवनसँग जोडेर लेख्न थालें'



**आदर्श समाज**
पोखरा, २९ असार

साहित्यकार तीर्थ गुरुङको उपन्यास 'हिउँको गीत' को पोखरामा परिचर्चा गरिएको छ । न्यान्डम रिडर्स सोसाइटीको ११८ औं नियमित कार्यक्रमअन्तर्गशत शनिबार उक्त पुस्तकको परिचर्चा भएको हो ।

उपन्यासकार तीर्थ गुरुङले आफूले उपन्यास आफ्नै व्यक्तिगत जिन्दगीसँग जोडेर लेख्न सुरु गरेको अनुभव सुनाए । मिर्गौलासम्बन्धी रोगबाट पीडित गुरुङले आफ्नै पिताको मिर्गौला प्रत्यारोपण गरेपछि प्राप्त भएको पुनर्जीवन प्रतीकात्मक रूपमा अभिव्यक्त गर्ने माध्यमका रूपमा लेखन अघि बढाएको उनले सुनाए ।

यसअघि पाठशाला (उपन्यास) र आपा क्हार्प (कथा संग्रह) बजारमा ल्याइसकेका गुरुङले आफ्नै मातृभूमि, मातृभाषा र मातृसंस्कृतिलाई 'पेब्याक' होस् भन्ने हेतुले पनि उपन्यास लेखेको बताए । हालसम्म पाठकको मायाबाट हौसला मिलेको बताउँदै उनले आगामी संस्करणमा पाठकको सुझावलाई ध्यानमा राखेर परिमार्जन पनि गर्ने प्रतिबद्धता जनाए । गुरुङ जातिको उद्गमथलो क्होला राज्यको विकासदेखि विघटनसम्मको कथावस्तु हिउँको गीतमा समेटिएको छ ।त्यसअघि, परिचर्चा गर्दै युवा साहित्यकार त्रिवेणीले रैथाने ज्ञान प्रणालीमा ज्ञान सामूहिक हुने बताउँदै हिउँको गीतमा पात्रका माध्यमबाट पारिवारिक सम्बन्धको ज्ञान पनि सँगसँगै बगिरहेको बताए । उनले पुस्तकमा स्थान विशेष वातावरणीय सम्बन्ध, 'पेब्याक' को परम्परा, मूल्य र मान्यताको परम्परा र जमिनको महत्वसम्बन्धी रैथाने विशेषता पाइने जिकिर गरे । 'उपन्यासले प्राचीन समाजको सामाजिक द्वन्द्वलाई बेजोड रूपमा पस्किएको छ र एउटा बस्तीको विघटनमा त्यसको भूमिकालाई दर्साएको छ । यो नै उपन्यासको मूल कथानक हो जुन अति सुन्दर तरिकाले स्थापित छ,' उनले भने, 'अझ चर्चा गर्नुपर्ने अर्को पक्ष भनेको रैथाने परम्पराको अन्त्यमा औपनिवेशिक शक्तिको हात हुने कुरा हो । संसारभर नै रैथाने परम्परा र पद्धतिको अवसान औपनिवेशिकताको प्रवेशसँगै भएको छ । त्यो औपनिवेशिकता कुन रूपमा कसरी छिर्छ, त्यो समाजपिच्छे फरक हुन सक्छ तर त्यसले ल्याउने नियति सबै समाजमा एउटै हुन्छ- समाजको विखण्डन र विनाश जो हिउँको गीतमा पनि आएको छ ।'

सोसाइटीका अध्यक्ष रुपिन्द्र प्रभावीको अध्यक्षतामा भएको कार्यक्रममा सचिव नेपालप्रकाश अधिकारीको सञ्चालनमा भएको कार्यक्रममा कौशलचन्द्र जिसी, कुमार तामाङ, डा. लक्ष्मीशरण अधिकारी, मेघराज ढकाल, डा. हुमबहादुर गुरुङलगायतले टिप्पणी गरेका थिए ।

# श्रीकृष्ण प्रणामी मन्दिरमा प्रवचन

**पोखरा, २९ असार (आदर्श समाज)-**
श्रीकृष्ण प्रणामी मन्दिर पोखरा-८, रत्नचोक आयोजनामा यस वर्ष पनि एकमहिने श्रीमद्वीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचन हुने भएको छ ।

यही ३१ असार श्रावण कृष्ण पञ्चमीदेखि ३१ साउन भाद्र कृष्ण अष्टमीसम्म श्रीमद्वीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचनको आयोजना गरिने श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल श्री कृष्ण प्रणामी मन्दिर पोखराका अध्यक्ष मोहनप्रसाद ढकालले जानकारी दिए ।

सोको पूर्व सन्ध्यामा ३१ असारमा पोखरामा कलश यात्रा सहित कार्यक्रमको शुभारम्भ गरिने बताउँदै अध्यक्ष ढकालले विगतका वर्षहरुमा जस्तै यस वर्षपनि श्रद्धालु भक्तजनहरुको साथ र सहयोगले कार्यक्रमले सफलता पाउने बताए ।

प्रचवनमा श्रीकृष्ण प्रणामी धर्मका धर्म प्रचारिका साध्वी उर्वशी माताजीको मुखारविन्दुबाट संगीतमय कथा प्रवचन कार्यक्रम हुनेछ ।

# विश्वभरका नेपाली युवा उद्यमी जोड्दै फिने



**पोखरा, २९ असार (आदर्श समाज)-**
अन्तर्राष्ट्रिय नेपाली युवा उद्यमी महासंघ (फिने) ले नेपाली युवा उद्यमीलाई विश्वभर जोड्दै छ । फिनेले नेपालबाट युवा उद्यमीलाई जोड्न प्रदेशहरु कमिटी विस्तारमा लागेको बताएको छ । बागमती प्रदेशमा कमिटी गठन गरीसकेको र गण्डकीमा गठनका लागि संयोजक तोकेको फिनेका आइसी महासचिव दीपेन घलेले बताए ।

गण्डकी प्रदेशमा पर्यटन व्यवसायी कृष्ण आचार्यलाई संयोजक तोकेको छ । २ अगस्तमा पोखरामा भेला गरेर समिति बनाउने आचार्यले बताए ।

विदेशमा भएका नेपाली उद्यमीहरूले नेपालसँग जोड्न संस्थाको स्थापना गरेको महासचिव घलेले बताए । उनले अहिलेसम्म १२ देशमा कमिटी बिस्तार भैसकेको र अन्य देशमा पनि थपिँदै जाने बताए ।

नेपालमा पहिले सबै प्रदेशमा कमिटी गठन गरेपछि नेपाल कमिटी बनाउने महासंघका नेपाल संयोजक रामशरण थापाले बताए । उनले संस्थाको उद्देश्य सहयोग, मार्गदर्शन र व्यवसायिक अवसरको माध्यमबाट नेपाली उद्यमीहरूलाई सशक्त बनाउने रहेको उल्लेख गरे ।

कार्यक्रममा बागमती प्रदेश कमिटीका संयोजक कृष्ण खतिवडा, सल्लाहकार रामकुमार थपलिया लगायतले शुभकामना दिए ।

# आचार्य सेवा समाजले मनायो भानुजयन्ती




**आदर्श समाज**
पोखरा, २९ असार

आदिकवि भानुभक्त आचार्यको २१२ औं जन्मजयन्ती अवसरमा आचार्य सेवा समाज (कौडिन्य गोत्रीय) नेपालले उनको सालिकमा माल्यार्पण, भानुभक्तीय कविता वाचन तथा स्रष्टा सम्मान कार्यक्रम गरेको छ ।

पृथ्वीनारायण क्याम्पसस्थित भानुपार्कको सालिक परिसरमा सो कार्यक्रम आयोजना गरिएको समाजका सचिव दुर्गादत्त आचार्य (दीपक) ले बताए ।

कार्यक्रम उद्घाटन गर्दै प्रमुख अतिथि डा. सिपी आचार्यले आदिकवि भानुभक्त आचार्यले नेपाली साहित्य क्षेत्रमा गरेको योगदानको चर्चा गर्दै स्वर्गे भएर पनि युगौं युग बाँचीरहन सफल भानुभक्तबाट आमनेपालीलाई गौरवान्वित बनाएको बताए ।

सो अवसरमा आचार्य सेवा समाजको स्थापनाकालदेखि हालसम्म विभिन्न रचनात्मक कार्यमार्फत समाजको छवि बृद्धि गरी योगदान गरेको, दर्जनौं कविता तथा खण्डकाव्यमार्फत नेपाली साहित्य क्षेत्रमा अतुलनीय योगदान गरेकामा समाजका पूर्व अध्यक्ष एवं हाल सल्लाहकार कवि शालिग्राम आचार्यलाई सम्मान गरियो ।

सोही अवसरमा कवि शालिग्राम आचार्य, छविलाल आचार्य लगायत कविहरुले आदिकवि भानुभक्त सम्बन्धित शीर्षकमा कवितावाचन गरे ।

समाजका अध्यक्ष बलराम आचार्यको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन समाजका महासचिव नारायणप्रसाद आचार्यले गरेका थिए ।

सो अवसरमा समाजका उपाध्यक्ष डा. मुकुन्दप्रसाद आचार्य, सल्लाहकार इन्द्रमणि आचार्य, चन्द्रकान्त आचार्य, आचार्य सेवा समाज कास्की शाखाका अध्यक्ष रत्नाखर आचार्यलगायत समाजका कोषाध्यक्ष वसन्तराज आचार्य, संस्थापक सदस्य ऋषिराम आचार्य र कार्यसमितिका सदस्यसहित आजीवन सदस्यको उपस्थिति थियो ।

# प्याज भण्डारणमा स्थानीय प्रविधि



**रासस**
चितवन, २९ असार

नेपाली प्याजले बजार नपाएपछि यहाँका किसानले स्थानीय प्रविधि प्रयोग गरी भण्डारण सुरु गरेका छन् ।

भरतपुर महानगरपालिका-२७ का शिवकुमार महतोले सामाजिक सञ्जालमा देखेको प्रविधिको प्रयोग गरेर आफूले उत्पादन गरेको प्याजको भण्डारण गर्न थालेको बताए । उनले स्टिलको जालीको भकारी बनाएर टेबुल पङ्खाको सहायताले प्याजको भण्डारण गरेका हुन् । उनले भने, 'मैले सामाजिक सञ्जालमा खोज्दा प्याज भण्डारण गर्नका लागि घरेलु उपाय भेटाएर यसरी भण्डारण गरेको हुँ ।'

स्टिलको जाली मुनि पनि जाली बनाएर केही भाग खुला छाडेर खडाइको सहायताले प्याजलाई सुक्खा बनाएर राख्ने गरेको उनले बताए । उनले प्याजलाई विगत तीन महिनादेखि यसैगरी भण्डारण गरेर राख्नुभएको छ । यसो गर्दा प्याजभित्रको तातो हावा बाहिर जाने र चिसो हावाले प्याजलाई बाफिन नदिने हुन्छ । जसका कारण प्याज कुहिने र टुसा पलाउने समस्या नहुने उनको बुझाइ छ ।

प्याज उत्पादन हुने समयमा थोक मूल्य प्रतिकेजी २० परेपछि घाटामा बिक्री नगर्ने योजनासहित आफूले भण्डारणको उपाय अपनाएर काम गरेको उनले बताए । उनले यसरी एक टन प्याज भण्डारण गरेर राख्नुभएको छ । यसलाई अहिले मूल्यमा सुधार आएपछि बजारमा पुर्‍याउन थालेको उनले बताए । अहिले थोकमा प्रतिकेजी ५० भन्दा बढीपर्न थालेपछि प्याज बिक्री गर्न लागेको शिवकुमारले जानकारी दिए ।कृषि तथा पशुपन्छी विकास मन्त्रालयले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत व्यावसायिक प्याज प्रवर्द्धन कार्यक्रमअन्तर्गत प्याज बिक्री नभएपछि महतोले भण्डारणको विधि र प्रविधि आफैँले खोजेर भण्डारण गरेका हुन् ।कार्यालयले चितवनको १० हेक्टर क्षेत्रफलमा व्यावसायिक प्याज प्रवर्द्धन कार्यक्रम आयोजना गरेको थियो । अधिकांशले कुहिने समस्या आएपछि सस्तो मूल्यमा बिक्री गर्न बाध्य भएका थिए ।

एकाइका प्रमुख महेश रेग्मीका अनुसार कार्यक्रमअन्तर्गत १३५ टन प्याज उत्पादन भएको थियो । प्याज उत्पादन भएसँगै भण्डारणमा देखिएको समस्या यो विधिले समाधान गर्न सक्ने भएकाले आगामी वर्षको कार्यक्रममा यसलाई समावेश गरिएको उनले बताए । यस कार्यक्रममा सहभागी किसानलाई भण्डारणका लागि यो विधिलाई प्रोत्साहन गर्ने योजनामा एकाइ रहेको उनले बताए ।

कार्यक्रम लागू गरिएको ठाउँमा रेडक्रियोल र नासिक ५३ जातको प्याजलाई व्यावसायिक खेतीमा प्रयोग गरिएको थियो ।

# टुँडिखेल बजार व्यापारिक समितिमा गीता



**आदर्श समाज**
पोखरा, २९ असार

टुँडिखेल बजार व्यापारिक समिति, पोखरा-१, बगरको अध्यक्षमा गीता जमरकट्टेल (पौडेल) निर्वाचित भएकी छन् ।

संस्थाको शनिबार १३ औं साधारणसभा तथा सातौं अधिवेशनले आगामी २ वर्षका लागि नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको हो ।

रोचक कुरा के छ भने, समितिको पदाधिकारी र कार्यसमिति सदस्य सबैजना महिला छन् । उपाध्यक्षमा पार्वती लामिछाने, सचिव नारायणी तिवारी, सहसचिव डिलमाया सुवेदी र कोषाध्यक्ष कल्पना देवकोटा हुन् ।

यसैगरी, सदस्यमा जानुका अधिकारी, जमुना दमै, सुशीला पौडेल र तारादेवी दाहल छन् ।

सल्लाहकारमा निवर्तमान अध्यक्ष समेत रहेका नारायणहरि बास्तोला, गणेशप्रसाद सुवेदी, रामप्रसाद देवकोटा, ठाकुरप्रसाद अधिकारी, नारायणप्रसाद सुवेदी र विष्णुप्रसाद भण्डारी छन् ।

संस्थाका अध्यक्ष नारायणहरि बास्तोलाको अध्यक्षतामा भएको कार्यक्रमका. संचालन संस्थापक सचिव रामप्रसाद देवकोटाले गरेका थिए । समितिमा अधिकांश फेन्सी स्टोरहरु गरी करिब ३० सदस्य आबद्ध छन् ।

**कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना**

(प्रकाशित मिति २०८२ साल असार महिना ३० गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय बेसिशहरबाट तपशिलमा उल्लेखित ऋणीहरुले साना व्यक्तिगत कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| |
|---|
| **ऋणीको विवरण** |
| धनसुर तामाङको नाति यो कुम तामाङको छोरा लमजुङ जिल्ला ताघृङ वडा नं. १ हाल, बेसिशहर न.पा. वडा नं. ५ बस्ने **गम बहादुर तामाङ** (ना.प्र.नं. : १०६५८ जारी मिति र जिल्ला : २०४८/०९/२५, लमजुङ) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) गोपाल बहादुर तमाङको छोरी यो कुम तमाङको बुहारी गम बहादुर तमाङको पत्नी लमजुङ जिल्ला गा.वि.स. ताघ्रिङ वडा नं. १ हाल, बेसिशहर न.पा. वडा नं. ५ बस्ने **शान्ती तमाङ** (ना.प्र.नं. : ५५८४२ जारी मिति र जिल्ला : २०६२/०७/०३, लमजुङ) |
| २) टेकनिधि दनाईको बुहारी राजेन्द्र दनाईको पत्नी लमजुङ जिल्ला बेसिशहर वडा नं. ९ हाल, बेसिशहर न.पा. वडा नं. ८ बस्ने **सविना श्रेष्ठ दनाई** (ना.प्र.नं. : ४१२३३ जारी मिति र जिल्ला : २०५९/०२/२४, लमजुङ) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# लघुकथाकार लक्ष्मीको 'अन्त्य' विमर्श



**आदर्श समाज**
पोखरा, २९ असार

२१२ औं भानुजयन्तीका सन्दर्भमा वैकल्पिक बाटो, पृथक पाइला सिर्जनात्मक अभियान स्याङ्जाद्वारा लघुकथाकार लक्ष्मी रेग्मी खनालको लघुकथा कृति अन्त्यमाथिको विमर्श शनिबार सम्पन्न भएको छ ।

अभियानको ३४ औँ पाइलाका रुपमा उक्त विमर्शसहित एकल लघुकथा वाचन सम्पन्न गरिएको हो ।

कार्यक्रममा 'अन्त्य' लघुकथा कृतिको विमर्शसँगै लघुकथा विधाको भविष्य र स्याङ्जाको साहित्यमा नारी स्रष्टाको लेखनमाथिको विमर्शसमेत आयोजना गरिएको थियो ।

जसमा वक्तात्रय अनन्त अर्याल, शम्भु अर्याल, इन्दु श्रेष्ठले आफ्ना धारणा राखेका थिए भने लघुकथाकार लक्ष्मी रेग्मी खनालसँग मिलन समीरको संयोजनमा विमर्श गरिएको थियो ।

विमर्शका वक्ताले नवोदित भएर पनि खनालको लघुकथा लेखन सशक्त भएको दाबी गरे ।

स्रष्टा लक्ष्मी रेग्मी खनालले अभियानका यस्ता कार्यक्रमले सिर्जना यात्रामा लागेका स्रष्टालाई प्रोत्साहन र हौसला मिल्ने भएकाले आयोजकप्रति आभार व्यक्त गरिन् ।

पुतलीबजार-१३ स्याङ्जामा जन्मिएकी लघुकथाकार लक्ष्मी रेमी खनाल हाल वालिङमा रहेर सिर्जना कर्ममा क्रियाशील छिन् । स्नातकसम्मको औपचारिक अध्ययन पूरा गरेकी लक्ष्मीको अन्त्य लघुकथा विधातर्फको पहिलो कृति हो । उनी विभिन्न लघुकथा विधा केन्द्रित प्रतियोगितामा पुरस्कृत भइसकेकी प्रतिभासमेत हुन् ।

# पुलले छोटियो यात्रा

**म्याग्दी, २९ असार (रासस)-**
धवलागिरि गाउँपालिका-६ मा रहेको मराङखोलामा तीन सय ६५ मिटर लामो झोलुङ्गे पुल निर्माण भएको छ ।

सहरी विकास मन्त्रालयअन्तर्गतको स्थानीय पूर्वाधार विकास आयोजना कास्की, पोखराले घाइरीबोट र खाउरीबाङ जोड्ने पुल निर्माण गरेको हो । धवलागिरि गाउँपालिका-६ का वडाध्यक्ष राजाराम सुवेदीले पुलबाट धवलागिरि-६ का साथै वडा नं ५ मल्कवाङ र मालिका गाउँपालिका-७ बिमका बासिन्दा लाभान्वित भएका जानकारी दिए ।

'मराङमा रहेको वडा कार्यालय, स्वास्थ्य चौकी र जनविकास माविमा पुग्नका लागि अर्बाङ, घण्टीवाङका बासिन्दालाई यात्राअवधि छोटिएको छ,' उनले भने, 'अर्बाङ, घण्टीवाङ, रिखका बासिन्दालाई मराङबेँसीमा झरेर वडा कार्यालय, स्वास्थ्यचौकी, माध्यमिक विद्यालय भएको ठाउँमा पुग्न करिब १ घण्टा पैदलयात्रा गर्नुपर्नेमा पुल बनेपछि यात्राअवधि १५ मिनेटमा छोटिएको छ ।' पुल निर्माणका लागि २०८१ असारमा बेनी नगरपालिका-२ को निर्माण कम्पनीले २ करोड ५० लाखमा ठेक्का सम्झौता गरेको थियो । १८ महिनाको ठेक्का अवधि भए पनि १२ महिनामै पुल निर्माण सम्पन्न भएको निर्माण कम्पनीका सञ्चालक प्रदीप सापकोटाले बताए ।

**कर्मचारी आवश्यकता**

फर्निचर+काठ मिस्त्री
तलब : आपसी समझदारीमा
नोट : अनुभवीलाई विशेष प्राथमिकता ।
काठ तथा फर्निचरसम्बन्धी काम जानेको ।

**सुमन काष्ठ उद्योग**
पोखरा-७, घारीपाटन
फोन : ९८५६०५६११८, ९८०२८०३८७३

E-PAPER
eAdarsha.com

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा न. २७ डाँडाकोनाक स्थित इलाका प्रहरी कार्यालयको पेरिमिटर बाँध निर्माणको लागि योजना सम्पन्न गर्दा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरूमा जानकारीका लागी यो सार्वजनिक गरिएको छ ।

**योजनाको नाम :-** इ.प्र.का.डाँडाकोनाक बाढी नियन्त्रण तथा रोकथाम
**उपभोक्ता समितिको नाम :-** इ.प्र.का.डाँडाकोनाक बाढी नियन्त्रण तथा रोकथाम लाभग्राही समिति
**योजनाको कुल लागत** :- ५,५५,५५५ /-
**सम्झौता मिति** :- २०८२।०२।१३
**योजना शुरु मिति** :-२०८२।०२।१५
**योजना सम्पन्न हुने मिति** :- २०८२।०३।२४
**योजना सम्पन्न भएको मिति** :- २०८२।०३।२४
**महानगरपालिका बाट प्राप्त हुने रकम** :- ५,००,०००/-
**उपभोक्ताबाट** :- ५५,५५५/-
**जम्मा खर्च** :- ५,५५,५५५/-
**उपभोक्ता समितिका पदाधिकारी**
**अनुगमन समिति**
**अध्यक्ष** :- कृष्ण रिजाल
(संयोजक)
**सचिव** :- याम बहादुर रानाभाट
पोखरा महानगरपालिका
वडा न.२७ का अध्यक्ष पुर्ण कुमार गुरुङ
इ.प्र.का.डाँडाकोनाक बाढी नियन्त्रण तथा रोकथाम लाभग्राही समिति पोखरा म.न.पा.२७ डाँडाकोनाक

**कर्मचारी आवश्यकता**

बिरौटा बचत तथा ऋण सहकारी संस्था लि.को लागि तपसिलमा उल्लखित कर्मचारी आवश्यकता भएको हुँदा आवेदन दिन इच्छुक नेपाली नागरिकहरुले मिति २०८२ असार ३२ गते बुधबार कार्यालय समयभित्र सम्पर्क राख्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि सुचित गरिन्छ ।

**तपसिल**
**पद :** व्यवस्थापक **आवश्यक संख्या :** १ जना
**योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र विषयमा स्नातक उत्तीर्ण वा सो सरह ।
**सेवा सुविधा :** संस्थाको नियमअनुसार
**अनुभव :** अनुभवीलाई विशेष ग्राह्यता
**आवश्यक कागजात :** आवेदकको हस्तलिखित निवेदन, आफ्नो व्यक्तिगत विवरण (bio data) का साथै हालसालै खिचेको पासपार्ट साइजको फोटो २ प्रति, कम्प्युटर डिप्लोमा शैक्षिक योग्यता र २ पाङ्ग्रे सवारी साधनको लाइसेन्स एवं अनुभवको प्रमाणपत्रहरुको प्रतिलिपि

**बिरौटा बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-१७, बिरौटा, सम्पर्क नं. ०६१-४५६२१६, ९८६३४१८६६२
E-mail: birautasahakari@gmail.com